# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७३/११/२४ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

-----------------------------------------------------------

राष्ट्रिय माध्यमिक विद्यालय, तारानगर साँडेपानी ८, कैलालीमा मिति २०६४ साल देखि नक्कली अध्यापन अनुमति-पत्र भएका लोक बहादुर वि.क. ले प्राथमिक तहको राहत कोटामा नियुक्ति भई शिक्षण पेशामा गैरकानूनी रुपमा काम कारवाही गर्दै आएको हुंदा निज लोक बहादुर वि.क. को शैक्षिक योग्यताका प्रमाण-पत्रहरू समेत बुझी कारवाही गरीपाउँ भन्ने उजुरीको आधारमा अनुसन्धान हुंदा निज लोक बहादुर वि.क. ले राष्ट्रसेवक शिक्षक पद एवं ओहोदामा शुरू नियुक्ति एवं बहाल हुने र लाभ, सुविधा लिने उदेश्यले उक्त झुठा अध्यापन अनुमति-पत्र पेश गरी हालसम्म पनि उक्त पदमा बहाल भई लाभ सुविधा लिएको पुष्टी हुन आएकोले निज शिक्षक लोक बहादुर वि.क. ले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिमको कसुर गरेको देखिएको हुंदा निज लोक बहादुर वि.क. लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

कुनै पनि प्रकारको भ्रष्टाचारका सम्बन्धमा समयमै सत्य र यथार्थपरक सूचना उपलब्ध गराई आफ्नो हक अधिकार सुनिश्चित गर्नुका साथै भ्रष्टाचारजन्य गतिविधिको अन्त्य गरी भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने गराउने साझा अभियानमा सक्रिय सहभागिता एवं सहकार्यका लागि आयोग सबैमा हार्दिक अनुरोध गर्दछ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता